## नाइस नेपालगन्जद्वारा आयोजित

# नाइस अवार्ड-२०२४

## २०८१ साउन २० गते, नेपालगन्ज

## कार्यक्रम प्रतिबेदन




नाइस अवार्ड २०२४ प्रदान गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा लुम्बिनी प्रदेश सभा सदस्य माननिय अम्बिका काफ्ले तथा ग्रहण गर्दै जय बागेश्वरी असाहय बाल संरक्षण केन्द्रकी अध्यक्ष तारा वली साथमा अन्य अतिथिहरु ।

**सहयोग तथा सहकार्य**

नरैनापुर गाँउपालिका बाँके

जानकी गाँउपालिका बाँके

बास नेपाल

मंगल प्रसाद माध्यमिक विद्यालय नेपालगन्ज

भेरी अस्पताल नेपालगन्ज

**आयोजक**

नाईस नेपालगन्ज

# नाइस नेपालगन्जद्धारा आयोजित

# नाइस अवार्ड-२०२४ प्रदान कार्यक्रम

## कार्यक्रम प्रतिबेदन

**संस्थाको संक्षिप्त परिचय :-**

नाइस नेपालगन्ज समाजमा भईरहेका असल तथा राम्रा कार्यहरुको प्रबर्दन तथा प्रचार प्रसार गर्ने उद्धेश्यले जिल्ला प्रशासन कार्यालय बाँकेमा दर्ता भई क्रियाशिल एक गैर सरकारी संस्था हो । यसले सामाजिक सद्भाव क्षमता अभिबृद्धी, युवा बालवालिका तथा असहाय ब्यक्तिहरुको शसक्तिकरण गरि आर्थिक उपार्जनमा टेवा पुऱ्याउने तथा सकारात्मक कार्यहरुको प्रबर्द्धन गर्दै समाजको समृद्धिका लागि पहल गर्ने काम गर्दै आएको छ ।

**पृष्ठभुमि तथा कार्यक्रमको परिचय :-**

समाजमा विभिन्न प्रकारका मानिसहरुको बसोबास रहेको हुन्छ । यहि समाजमा असल कार्य गर्ने ब्यक्तिहरु छन् भने यसै समाजमा नकारात्मक कार्य गर्नेको सख्या पनि रहेको छ । असल कामको नतिजा सधै सकारात्मक हुन्छ भनेभ्कै असल कार्य गर्दै समाजका लागि असल अभ्यास स्थापीत गर्नु सहज काम होईन । यसका लागि धेरै चुनौतीहरुको सामना गर्नुपर्छ र मेहेनत र संघर्ष जरुरी हुन्छ ।

असल अभ्यासका लागि पहिले ब्यक्ति स्वयम् परिवर्तन हुनु पर्दछ बल्ल उसले अन्य ब्यक्ति र समाजका लागि असल उदाहरण पेश गर्न सक्दछ । समाजका लागि उदाहरणीय ब्यक्ति निकै न्यून सख्यामा मात्रै हुन्छन् जसको उद्धेश्य नै ब्यक्तिगत स्वार्थ भन्दा माथि उठेर सामाजिक विकास प्राथमिकतामा प्रर्दछ । असल कार्य गर्ने ब्यक्तिलाई समाजमा आफूले गरेको असल कार्य प्रमाणित गर्न निकै लामो समय लाग्दछ । असल कार्य गर्ने ब्यक्तिहरु मान सम्मान भन्दा पनि काममा बढी केन्द्रीत हुने भएकाले उनीहरु आभ्केलमा परेका हुन्छन् । बलेको आगो ताप्न उत्साहित हाम्रो समाजमा साच्चिकै असल ब्यक्तिहरु सबैको नजरबाट पछाडी रहेका हुन्छन् तर उनले गरिरहेको कामको अनुसरण भने नजानीदो रुपमा सिंगो समाजले अनुसरण गरिरहेको हुन्छ । एकठाँउमा स्थापित गरेका राम्रा अभ्यासहरु विस्तारै अन्यन्त्र प्रयोग गर्दै लैजानुपर्दछ ।

हरेक ब्यक्ति जसले समाजमा उदाहरणीय कार्य गरेका छन् उनीहरुको खोजी गर्दै राम्रा अभ्यासहरुलाई समुदायमा विभिन्न माध्यमबाट पुऱ्याउनु सबैको कर्तब्य हुन जान्छ ।

नाईस नेपालगन्जले स्वच्छ, सुन्दर र असल समाजको परिकल्पनाका साथ आफ्नो स्थापना काल देखि नै समुदायमा रहेका असल कार्यहरुको प्रबर्द्धन गर्ने कार्य गर्दै आएको छ । समाज परिवर्तनमा उल्लेख्य योगदान पुऱ्याएका ब्यत्तिहरुको खोजी गर्दै उनीहरुले गरेका असल कार्यहरुको प्रचार प्रसार गर्ने र उनीहरुले समाजमा

पुर्‍याएको योगदानको कदर गर्दै नाइस नेपालगन्जले बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिका वडा नम्बर ५ बिनौनामा जय बागेश्वरी असहाय बाल संरक्षण केन्द्रका अध्यक्ष तारा वलीलाइ २०८१ साउन २० गते नगद रु. १० हजार सहित **नाइस अवार्ड २०२४ बाट** सम्मान गरेको हो ।

## कार्यक्रमका उद्वेश्यहरू :

- नाइस अवार्ड २०२४ मार्फत असल कार्य गर्ने ब्यक्तिलाई सम्मान गर्ने ।
- समाजमा असल कार्य गर्ने ब्यक्तिहरुलाई उत्प्रेरणा प्रदान गर्ने ।
- समाजमा असल कार्य गर्ने संस्कारको विकास गर्ने ।
- हरेक ब्यक्तिलाई असल कार्य गर्न उत्प्रेरित गर्ने ।

## कार्यक्रम बारे जानकारी :-

**नाइस अवार्ड २०२४ असहाय बाल संरक्षण केन्द्रकी तारा वलीलाई**

नाइस अवार्ड २०२४ राप्ती सोनारी गाउँपालिका वडा नम्बर ५ स्थित असहाय बाल संरक्षण केन्द्रकी अध्यक्ष तारा वलीलाई प्रदान गरिएको छ ।

नाइस नेपालगन्जले चौथो नाईस अवार्ड २०२४ नगद १० हजार सहित वलीलाई प्रदान गरेको हो । नाइस नेपालगन्जको अयोजनामा साउन २० गते नेपालगन्जमा आयोजित नाइस अवार्ड २०२४ प्रदान बिशेष कार्यक्रमका बिच कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेश सभा सदस्य माननीय अम्बिका काफ्ले, कार्यक्रमका अतिथि नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर ९ का अध्यक्ष गोबिन्द रेग्मी, नाइस अवार्ड २०२२ प्राप्त गर्न सफल सामाजिक अगुवा प्रबेजअली शिद्धिकी, नाइस अवार्ड २०२३ प्राप्त गर्न सफल बरिष्ठ पत्रकार झलक गैरे, नाइस अवार्ड २०२१ प्राप्त गर्न सफल अभिराज क्षेत्री, बास नेपालका अध्यक्ष लुना बुढाथोकी र नाइस नेपालगन्जका अध्यक्ष हेमराज भट्टले संयुक्त रुपमा अवार्ड प्रदान गरेका थिए ।

सात बर्ष शिक्षण पेशा, २ बर्ष सञ्चार माध्यममा जोडिदै २०७७ देखि बाँकेको ग्रामिण क्षेत्रमा जय बागेश्वरी असहाय बाल संरक्षण केन्द्र सञ्चालन गरि बालवालिकाहरुको संरक्षणमा क्रियाशिल वली जिवनमा पारिवारिक हिंसाको सामना गर्दै अगाडी बढेकी महिला हुन । समाजमा सत्कर्म गरेर अगाडी बढ्नु पर्छ भन्ने मात्यताका साथ बाल संरक्षण केन्द्र सञ्चालन गरेकी वलीले गरेको साहस र सामाजिक रुपान्तरणमा पुर्‍याएको योगदान बापत उक्त सम्मान प्रदान गरिएको हो ।

अवार्ड प्रदान कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि तथा लुम्बिनी प्रदेश सभा सदस्य माननीय अम्बिका काफ्लेले समाजमा राम्रो काम गरिरहेका ब्यक्तिहरुकालागि अवार्ड प्रेरणा भएको बताईन । उनले असल कार्य र सत्कर्मका साथ काम गरिरहेका ब्यक्ति वली सम्मानीत भएकोमा बधाई ज्ञापन गर्दै संस्थाले उत्कृष्ट ब्यक्तिलाई छनौट गरेको बताईन । कार्यक्रममा बोल्दै नेपालगन्ज उमपहानगरपालिका वडा नम्बर ९ का अध्यक्ष गोविन्द

रेग्मीले नाइसले गरेको असल काममा सहभागि हुन पाएकोमा खुसी लागेको बताए । उनले समाजका लागि उत्कृष्ट कार्य गरिरहेका वलीलाई गरेको सम्मान धेरैका लागि हौसला र प्रेरणा बन्ने विश्वास ब्यक्त गरे ।

कार्यक्रममा बोल्दै कार्यक्रमका अतिथि बरिष्ठ पत्रकार झलक गैरेले मानवीय कार्यमा अग्रसर ब्यक्तिलाई नाइस अवार्ड प्रदान गरिनुले समाजमा सकारात्मक सन्देस प्रवाह भएको बताए । उनले सम्मान प्राप्त गर्न सफल तारा वली जस्ता समाजलाई जोगाउने सचेत नागरिकको कामको सम्मान गर्नुपर्नेमा जोड दिए । सम्मानले राम्रा काम गर्ने ब्यक्तिहरुलाई हौसला थप्ने बताए । उनले वलीले सञ्चालन गरेको बाल संरक्षण केन्द्रलाई सबैले सहयोग र साथ दिनुपर्नेमा जोड दिए ।

यसैगरी कार्यक्रममा बोल्दै बास नेपालका केन्द्रीय अध्यक्ष लुना बुढाथोकीले नाइस अवार्ड २०२४ प्राप्त गर्न सफल तारा वलीलाई बधाई ज्ञापन गर्दै नाइसले असल ब्यक्तिलाई छनौट गरेको बताईन ।

नाइस अवार्ड २०२४ ग्रहण पश्चात बोल्दै सम्मानीत तारा वलीले आफुले जिवनमा पाएको पिडाबाट पाठ सिक्दै बाल संरक्षण केन्द्र सञ्चालन गरिरहेका बेला नाइस नेपालगन्जले गरेको सम्मानले सामाजिक कार्यमा लाग्न थप होसला प्रदान गरेको प्रतिक्रिया दिए । आफ्नो जिवनको संघर्ष स्मरण गर्दै सम्मान प्राप्त गर्दा हर्षले आसु खसालेकी वलीले खसेको आसु पुछ्दै हर्सित भएको बताएकी थिईन । आफु रहुन्जेल समाजमा रहेका असहाय बालवालिकाहरुका लागि काम गर्ने उनको प्रतिबद्धता थियो । कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिका नगरस्तरीय मेलमिलाप समिति संयोजक शिव कुमार बर्मा लगायतको उपस्थिती रहेको थियो ।

नाइस नेपालगन्जका अध्यक्ष हेमराज भट्टको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन नाइस नेपालगन्जका सदस्य मन भण्डारीले गरेका थिए भने कार्यक्रममा स्वागत नाईस नेपालगन्जका उपाध्यक्ष शोभा थापा मगरले गरेका थिए ।

कार्यक्रममा नरैनापुर गाउँपालिका, जानकी गाँउपालिका, बास नेपाल, मंगल प्रशाद माध्यमिक बिद्यालय, भेरी अस्पतालले सहकार्य गरेको थियो । कार्यक्रममा सहयोग तथा सहकार्य गर्ने संस्थाहरुलाई प्रशंसा पत्र प्रदान गरिएको थियो । कार्यक्रममा सरकारी निकाय, गैरसरकारी संस्था र युवाहरु गरी ६० बढीको सहभागिता रहेको थियो ।

## नाइस अवार्ड -२०२४ का केही झलकहरु :-




*कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेश सभा सदस्य माननीय अम्बिका काफ्ले लगायत अतिथिहरु ।*



*कार्यक्रमका सहभागिहरु ।*







*कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेश सभा सदस्य माननीय अम्बिका काफ्ले बाँया तथा नाइस अवार्ड २०२३ बिजेता बरिष्ट पत्रकार झलक गैरे दाँया ।*







*कार्यक्रममा नाइस अवार्डको घोषणा गर्दै अध्यक्ष हेमराज भट्ट बाँया तथा नाइस अवार्ड २०२४ नगद १० हजार सहित ग्रहण गर्दै तारा वली बाँयाँ ।*




*कार्यक्रममा नृत्य गर्दै कलाकारहरु*




*कार्यक्रम पछि समुहिक तस्विरमा अतिथि तथा सहभागिहरु ।*

## कार्यक्रमका उपलब्धीहरू :

- नाइस अवार्ड २०२४ बाल संरक्षण केन्द्रको माध्यमबाट सामाजिक रुपान्तरणमा क्रियाशिल तारा वलीलाई प्रदान गरिएको छ ।
- समाजमा असल कार्य गर्ने ब्यक्तिहरुलाई उत्प्रेरणा प्रदान गर्ने काम भएको छ ।
- समाजमा असल कार्य गर्ने संस्कारको विकास गरिएको छ ।
- हरेक ब्यक्तिलाई असल कार्य गर्न उत्प्रेरित गर्न सन्देस प्रवाह गरिएको छ ।

.................

हेमराज भट्ट

अध्यक्ष